बैठक संख्या -३ (तीन)

आज मिति २०८२ साल असोज ५ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री वाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

<u>छलफलका विषयहरुः</u>

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वियनको समीक्षा सम्बन्धमा ।
२. विपद् व्यवस्थापन सम्बन्धमा ।
३. मलागिरी शान्ति योगाश्रम निर्माण कार्यको म्याद थप सम्बन्धमा।
४. ७ नं.वडा कार्यालय, स्वास्थ्य संस्था र कभर्डहलको जग्गा प्राप्ति सम्बन्धमा ।
५. प्राविधिक कर्मचारीको भत्ता व्यवस्थापन सम्बन्धमा ।
६. ३ नं. वडाको स्वास्थ्य चौकी र विद्यालयको जग्गा प्राप्ति सम्बन्धमा ।
७. विजया दशमी-२०८२ को शुभकामना आदान प्रदान सम्बन्धमा ।
८. विविध ।

(लवश्री न्यौपाने)
प्रमुख

CamScanner

निर्णय नं. १

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिकाको ठेक्का नं. RM/22-079-080 को मलागिरी शान्ति योगाश्रम निर्माण कार्यको लागि रामेछाप नगरपालिका र श्री एस रामेछाप कन्स्ट्रक्सन प्रा.लि.रामेछाप-८, रामेछाप बीच मिति २०८०/०६/३० मा भएको सम्झौताको म्याद २०८१/०८/३० मा समाप्त भई निर्माण व्यवसायीको माग बमोजिम नगर कार्यपालिकाको मिति २०८१/१०/१३ गतेको निर्णयानुसार मिति २०८२ साल असार मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप भएकोमा विभिन्न कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेकोले नियमानुसार पुनः म्याद थप गरी पाउँ भनि निर्माण व्यवसायीको तर्फबाट मिति २०८२/०४/२७ मा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा-५६ एवम् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम उक्त निर्माण कार्यको म्याद थपको लागि कानून बमोजिम कार्य सम्पादन जमानत, पेश्की सम्बन्धी जमानत, बिमा तथा संशोधित कार्यतालिका लगायतका आवश्यक कागजात प्रमाणहरु सम्बन्धित निर्माण व्यवसायीसँग माग गरी मिति २०८२ साल मंसिर मसान्तभित्र कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्न प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिका अन्तर्गत वडा नं.३ मा रहेको कालिकाईश्वरी आधारभूत विद्यालयको लागि सोही स्थान बस्ने मेघराज सुवेदी र खिलबहादुर प्रधानको संयुक्त नाममा रहेको साविक वाकीमैरी गा.वि.स.वडा नं.८/ढ कित्ता नं.५६ को १-२-२-० जग्गा विद्यालयको लागि निशुल्क उपलब्ध गराउने इच्छा जाहेर गरी सम्बन्धित वडाको सिफारिस सहित रामेछाप नगरपालिकामा निवेदन पेश हुन आएकोमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट जारी भएको सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति,२०८२ को दफा ५ को उपदफा १ बमोजिम नामसारी गरिलिन उपदफा २ बमोजिमको समितिमा पेश गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ४

रामेछाप नगरपालिका अन्तर्गतका वडा कार्यालय, कभर्ड हल, स्वास्थ्य संस्था र विद्यालयहरुले भोग चलन गरी आएको देहायका सार्वजनिक जग्गाहरु सम्बन्धित कार्यालय/संस्थाको नाममा दर्ता गर्ने प्रक्रिया अगाडी बढाईदिन वडा समितिको सिफारिस सहित पेश हुन आएको सन्दर्भमा छलफल हुँदा उल्लेखित जग्गाहरु सार्वजनिक, ऐलानी, वन तथा सरकारी जग्गाको रुपमा कायम रहेका र तीजग्गा हरुमा संरचनाहरु समेत निर्माण भई सम्बन्धित संस्थाहरुले विगत लामो समयदेखि भोगचलन गरी आएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ३ र ४ बमोजिम दर्ता प्रक्रिया अगाडी बढाइदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

क) रामेछाप नगरपालिका ७ नं. वडा कार्यालयको वडा कार्यालय भवन रहेको करिव ६ रोपनी जग्गा।

ख) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको सुकाजोर स्वास्थ्य चौकी रहेको करिव ६ रोपनी जग्गा।

ग) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको शहरी स्वास्थ्य केन्द्र देउरालीको करिव २ रोपनी जग्गा ।

घ) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको नागरिक आरोग्य केन्द्र हिलेपानीको करिव ३ रोपनी जग्गा।

ङ) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको छत्तिवने खानेपानी भवन हिलेपानीको करिव १ रोपनी जग्गा।

च) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको कालिका आ.वि. विर्ताको करिव १३ रोपनी जग्गा ।

छ) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको महाकाली देवी मन्दिर मुडाजोर करिव ७ रोपनी जग्गा।

ज) रामेछाप नगरपालिका वडा नं.७ सिद्धेश्वर आ.वि मुगानको करिव १० रोपनी जग्गा ।

झ) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको कभर्डहल तथा खेल मैदान हिलेपानी करिव ११ रोपनी जग्गा ।

ञ) रामेछाप नगरपालिका वडा नं.७ मा रहेको मुडेखोला आ.वि. रजयछाप करिव १० रोपनी जग्गा।

ट) रामेछाप नगरपालिका ३ नं. वडा कार्यालयले प्रयोग गरेको ११-८-०-१ रोपनी जग्गा ।

ठ) रामेछाप नगरपालिका वडा नं.३ स्थित हिमगंगा माध्यमिक विद्यालयले प्रयोग गरेको ११-५-२-३ रोपनी जग्गा ।

ड) रामेछाप नगरपालिका वडा नं.३ स्थित साँघुटार स्वास्थ्य चौकीले प्रयोग गरेको ९-१-०-० रोपनी जग्गा ।

**निर्णय नं. ५**

रामेछाप नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय समेतमा कार्यरत प्राविधिक कर्मचारीका लागि नगर कार्यपालिकाको मिति २०७९/११/२८ को निर्णयानुसार मासिक फिल्ड भत्ता तोकिएकोमा यस कार्यालयमा अमिन (सहायक स्तर चौथो) पदमा कार्यरत कर्मचारीलाई फिल्ड भत्ता छुट भएको सन्दर्भमा यस नगरपालिकाको जग्गा बर्गिकरण र राष्ट्रिय भूमी आयोग, सेवा केन्द्र समेतको काम हेर्ने गरी निजलाई समान तहका कर्मचारीले पाउने सरहको मासिक फिल्ड भत्ता २०८२ असोज १ गते देखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व.०७५/०७६ को नमूना विद्यालय छनौट र सो अनुसार निर्माण गरिएको गुरुयोजना (२०७७/०७८-२०८१/०८२५) मा आधारित श्री हिमगंगा माध्यमिक विद्यालय, साँघुटारका लागि आ.व.०८१/०८२ को भौतिक सुधारतर्फको विनियोजित बजेट रु. १,००,००,०००।- (एक करोड) मध्ये गत वर्षको वर्षादको कारण विद्यालयमा भएको क्षति र सोको पुननिर्माण तथा यस वर्षको वर्षाद समेतको कारण २०८२ असार मसान्त सम्म रु.५५,०६,०००।-(पचपन्न लाख छ हजार) मात्रको निर्माण कार्य सम्पन्न भएको र गुरुयोजना बमोजिम निर्माण गर्नु पर्ने भौतिक सुधारका अन्य कार्यहरु अधुरै रहेकोले विनियोजित वजेट मध्ये बाँकी रहन गएको बजेट रु.६४ लाख ९४ हजार रकम विद्यालयलाई उपलब्ध गराई अधुरा रहन गएका संरचनाहरु सम्पन्न गर्ने कार्यमा सहयोग गरिदिन नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ७

रामेछाप नगरपालिकाको स्काभेटर र व्याकहो लोडर (उपकरण) सञ्चालन कार्यविधि,२०७५ बमोजिम स्काभेटर अपरेटरलाई उपलब्ध गराईदै आएको भत्ताका सम्बन्धमा पुर्नविचार गर्न आवश्यक देखिएकोले सो कार्यविधि संशोधनका लागि रामेछाप नगरपालिकाको विधायन समितिमा पठाउने निर्णय गरियो।

निर्णय नं. ८

विजया दशमी , शुभ दिपावली, छठ पर्व- २०८२ र नेपाल संवत् ११४६ को सुखद अवसरमा रामेछाप नगरबासी तथा देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपाली आमा, बुवा, दाजुभाई तथा दिदीबहिनी हरुलाई सुख, शान्ति तथा समृद्धीको हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

रामेछाप नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत श्री भोलाप्रसाद चापागाईंको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०५/१२ को निर्णयानुसार कमला नगरपालिका, धनुषामा कामकाजमा खटाईएको सम्बन्धी मन्त्रालयको च.नं.२६० मिति २०८२/०५/१३ गतेको पत्रका सम्बन्धमा नगरकार्यपालिका बैठकको गम्भीर ध्यानाकर्षण भयो। निज यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा मिति २०८१/०७/०४ गतेबाट कार्यरत रहेको र एक वर्ष पनि सेवा अवधि भुक्तान नहुदै अन्यत्र सरुवा गरिदा निजवाट सुरुवात भएका समग्र विकास निर्माण लगायत कार्यालयको सेवा प्रवाहमा असर पर्न जाने देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना अनुरुप निजलाई कम्तीमा थप १ वर्ष यस नगरपालिकामा कामकाज गर्ने गरी मिति २०८२/०५/१२ मा भएको निर्णय संशोधन गरी काज सरुवा थमौती गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १०

रामेछाप नगरपालिकाको नगर प्रहरी नियमावली,२०७५ को नियम ५ को उपनियम २ लाई संशोधन गरी "**उपदफा १ को प्रकरण नं.क, ख,ग र घ बमोजिमका पदमा नियुक्ति गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुको हकमा उमेरहद ४५(पैचालिस) वर्ष कायम गरी निजहरुलाई पहिलो प्राथमिकता दिईनेछ**" भन्ने वाक्यांश राखी पेश भएको नगर प्रहरी नियमावली,२०७५ (पहिलो संशोधन),२०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

| | |
|---|---|
| .............................. | |
| भोलाप्रसाद चापागाई | लवश्री न्यौपाने |
| प्रमुख प्रशासकीय अधिकृत | प्रमुख |